**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**मानीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २५२

पुनरावेदन नं. ०७८-RB-०२०४

पुनरावेदन दर्ता मितिः २०७८।१२।२३

**मुद्दाः–अग्रिम कर कट्टी (२०७२/०७३)।**

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं.३० कमलपोखरी, स्थित स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. का.मु. प्रमुख कार्यकारी अधिकृत गोविन्द चापागाई..........................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर.............................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं............................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री बावुराम गौतम

शुरु कर्यालयको निर्णय मितिः-२०७७।०९।२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारी :- महानिर्देशक श्री शोभाकान्त पौडेल

निर्णय मिति :- २०७८।०६।१२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- ×

प्रत्यर्थीको तर्फबाट :- विद्वान उप-न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजिर : ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७८।०६।१२ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अर्न्तगतका करदाता श्री नागरिक लगानी कोषको आ.व २०७२/०७३ को अग्रिम कर कट्टी परीक्षण गर्ने क्रममा श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.ले नागरिक लगानी कोषवाट संचालित उपदान कोष योजना तथा लगानीकर्ता हिसाव योजनामा योगदान गरेको उपदान, संचित विदा तथा औषधी उपचारको रकम श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.ले कर्मचारी अवकाश हुंदा नागरिक लगानी कोषवाट भएको अवकाश भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ (१) वमोजिम १५ प्रतिशत अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा कम कर दाखिल गरेको देखिएकोले रु.४,६३,२४८।३७ माग गर्नुपर्ने देखिएकोमा उक्त रकम दाखिला गर्नु नपर्ने उचित कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र सबुद प्रमाण सहित पेश गर्नुहुन भनी आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७७।०८।१४ जारी सूचना।

२. ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट मिति २०७७।०८।१४ मा जारी भएको सूचना करदातालाई मिति २०७७।०८।२२ मा हुलाक मार्फत पठाइएकोमा करदाताले सोको जवाफ मिति २०७७।०९।०३ मा पेश गरेको।

३. यसमा आयकर ऐन, २०५८ को दफा ८८ (१) बमोजिम भुक्तानीका बखत १५ प्रतिशतले रू.२,१५,४६४।३६ अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा नागरिक लगानी कोषले कट्टी गरेको नदेखिँएकोले सो रकममा आयकर ऐन, २०५८ को दफा ११९ वमोजिम लाग्ने व्याज (मिति २०७३ श्रावणदेखि २०७७ पौषसम्म ५४ महिनाको) रू.१,४५,८३८।४४ र सोही ऐनको दफा १२०(क) बमोजिमको ५० प्रतिशत शुल्क रू.१,०७,७३२।१८ समेत कुल जम्मा रू.४,६८,६३४।९८ नागरिक लगानी कोषमा उपदान, संचित विदा तथा औषधीउपचारको रकम जम्मा गर्ने योगदानकर्ता कम्पनी श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि., बालुवाटार काठमाण्डौंको नाममा कर निर्धारण गरी दाखिला गर्न आयकर ऐन, २०५८ (सं.स.)को दफा ९० को उपदफा (८) वमोजिम कर निर्धारण गर्नु पर्ने ठहर्छ। साथै ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट

मिति २०७७।०८।१४ मा निर्धारण भएको अग्रिम कर दाखिला गर्ने सूचनामा कुनै पनि परिवर्तन गर्नु पर्ने नभएकोले करदाताको आ.ब. २०७२/०७३ को लागि देहाय अनुसार रू.४,६८,६३४।९८ अग्रिम कर माग कायम गरी आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) वमोजिम अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट मिति २०७७।०९।२९ मा भएको निर्णय।

४. ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरले मिति २०७७।०९।२९ मा जारी गरेको आ.व. २०७२/०७३ को अग्रिम कर कट्टी तर्फको आदेशमा चित्त नबुझी करदाता श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।११।२५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

५. यसमा निवेदक कम्पनीले कर्मचारीलाई अवकाश भुक्तानी दिने क्रममा सिफारिस गर्दा वा भुक्तानी आदेश दिँदा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने गरी भुक्तानी आदेश दिनुपर्नेमा सो गरेको देखिएन। करदाताको भनाई बमोजिम गर्दा उल्लेखित ऐनको व्यवस्था कार्यान्वयन हुने नदेखिएकोले योगदानमा आधारित अवकाश भुक्तानी नभएको हकमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम जम्मा भुक्तानी रु.१४,३६,४२९।०६ भुक्तानीका बखत १५ प्रतिशतले रु.२,१५,४६४।३६ अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा अवकाश कोषबाट भुक्तानी गर्दा नागरिक लगानी कोषले कट्टी गरेको नदेखिएकोले सो रकममा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने व्याज (मिति २०७३ श्रावण देखि २०७७ पौषसम्म ५४ महिनाको) रु.१,४५,८३८।४४ र सोही ऐनको दफा १२०(क) बमोजिमको ५० प्रतिशत शुल्क रु.१,०७,७३२।१८ समेत कुल जम्मा रु.४,६८,६३४।९८ माथि उल्लेखित कारण र आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत रही नागरिक लगानी कोषमा उपदान, संचित विदा तथा औषधीउपचारको रकम जम्मा गर्ने योगदानकर्ता रोजगारकर्ता कम्पनी श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि., बालुवाटार काठमाण्डौंको नाममा कर निर्धारण गरी दाखिला गर्न आयकर ऐन, २०५८ (सं.स.) को दफा ९० को उपदफा (८) वमोजिम कर निर्धारण भएकोमा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत बेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०६।१२ मा भएको निर्णय ।

६. कर्मचारीको उपदान, औषधी उपचार,संचित विदा आदी शीर्षकमा जम्मा भएको रकमलाई कर्मचारीको योगदान नभएको भन्न मिल्दैन। नागरिक लगानी कोषमा जम्मा गरेको अवकास पछि भुक्तानी हुने कोष आयकर ऐन,२०५८ को दफा ८८ (१) को प्रतिबन्धात्मक वाक्यांश अनुसार स्वीकृत प्राप्त अवकाश कोष हो, त्यसैले यस्तो अवस्थामा ऐनको दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशको (१) आकर्षित हुन्छ।सोही कानूनी व्यवस्था अनुसार स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५(१)(ख) आकर्षित हुने हुँदा ५ प्रतिशत मात्र कर लाग्ने

भएकोले पुनरावेदक करदाताले ५ प्रतिशत मात्र तिरेको हो। साथै भुक्तानी दिने नागरिक लगानी कोष र भुक्तानी प्राप्त गर्ने कमर्चारीहरू नै कानून बमोजिम जिम्मेबार रहेको हुँदा कर तिर्ने दायित्व पुनरावेदकको नभई कर्मचारी र नागरिक लगानी कोषको हुन्छ। त्यस्तो स्पष्ट कानून तथा तथ्यलाई बङ्याई ५ प्रतिशत मात्र कर लाग्नेमा १५ प्रतिशत कर लगाउने भनी सोही अनुसार व्याज, शुल्क समेत लगाउने गरी विपक्षी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश तथा सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण रहेको हुँदा बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत बेहोराको मिति २०७८।१२।२३ मा यस न्यायाधिकरणमा करदाताले पेश गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१०।०९ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा करदाताको तर्फबाट इजलास समक्ष सुनुवाईको लागि कोही पनि उपस्थित भएको देखिएन।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, सहायक न्यायाधिवक्ताबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको मिति २०७७।०९।२९ को संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०६।१२ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

११. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक करदाताले नागरिक लगानी कोषमा जम्मा गरेको रकम योगदानमा आधारित भई ५ प्रतिशत मात्र कर तिरेकोमा उक्त रकममा विपक्षी ठूला करदाता कार्यालयले १५ प्रतिशत कर लाग्ने भनी रू.४,६८,६३४।९८ रकम माग गरेको संसोधित कर निर्धारण त्रुटीपूर्ण हुँदा बदर गरी पाँउ भन्ने पुनरावेदन जिकिर रहेको देखियो। ठूला करदाता कार्यालयबाट भएको संसोधित कर निर्धारण आदेश हेर्दा करदाताहरूको अवकाश भुक्तानी रकम योगदानमा आधारित रहेको नदेखिँएकोले आयकर

ऐन,२०५८ को दफा ८८(१) बमोजिम भुक्तानीका बखत १५ प्रतिशतले हुने रू.२,१५,४६४।३६ अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्नेमा नागरिक लगानी कोषले कट्टी गरेको नदेखिएकोले सो रकममा आयकर ऐन,२०५८ को दफा ११९ बमोजिम लाग्ने व्याज (मिति २०७३ श्रावणदेखि २०७७ पौषसम्म ५४ महिनाको) रू.१,४५,८३८।४४ र सोही ऐनको दफा १२०(क) बमोजिमको ५० प्रतिशत शुल्क रू.१,०७,७३२।१८ समेत कुल जम्मा रू.४,६८,६३४।९८ योगदानकर्ता रोजगारकर्ता कम्पनीको नाममा कर निर्धारण हुने भन्ने बेहोरा उल्लेख भएको देखिन्छ।

१२. नागरिक लगानी कोषले विभिन्न अवकाश कोष योजनाहरू संचालन गरी अवकाश भुक्तानी गर्ने सन्दर्भमा उक्त योजनाहरू मध्ये उपदान कोष योजना र लगानीकर्ता हिसाव योजना संचालन गरी रोजगारदाता संस्थाहरूले आफ्ना कर्मचारीहरूको लागि उल्लिखित योजनाहरूमा जम्मा गरिदिएको उपदान, औषधी उपचार र संचित विदाको रकम कर्मचारीको अवकाश भएपछि भुक्तानी गर्ने गरेको देखियो। पुनरावेदक करदाताले उपदान कोष योजना तथा लगानीकर्ता हिसाब योजनामा रहेको रकम भुक्तानी गर्दा नागरिक लगानी कोषले भुक्तानी रकमको ५० प्रतिशत वा पांच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीमा पांच प्रतिशतले कर कट्टी गरेको देखियो। अवकाश कोष भुक्तानीका सम्वन्धमा आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा "कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृत अवकाश कोषमा रहेको योगदानमा आधारित हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम हुनेछ :-

(क) सो कोषमा रहेको हित बापत सो कोषले गरेका अवकाश भुक्तानीहरुलाई आयमा समावेश गर्नु पर्नेछ, र

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यदि त्यस्तो भुक्तानी एकमुष्ठ रुपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाच लाख रुपैयामध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ मानिनेछ"। भन्ने उल्लेख भएको देखिन्छ।यसरी नै सो दफाको उपदफा (२) मा "कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ गणना गर्ने प्रयोजनका लागि देहाय बमोजिम हुनेछः-

(क) बासिन्दा व्यक्तिबाट रकम भुक्तानी गरिएकोमा अन्तिम रुपमा हुने कर कट्टीको रुपमा सो हिताधिकारी उपर सो रकममा कर लाग्नेछ, र

(ख)गैरबासिन्दा व्यक्तिले रकम भुक्तानी गरेकोमा, सो हिताधिकारीको आय गणना गर्दा सो रकम समावेश गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१३. उल्लिखित कानूनी व्यवस्था अनुसार हिताधिकारीको कुनै योगदान नहुने अवकाश कोषवाट भएको भुक्तानी स्वतः नन्कण्ट्रीव्यूटरी फण्डवाट भएको भुक्तानी हुन जाने विषयमा विवाद देखिएन। पुनरावेदक करदाताले अवकाश प्राप्त गर्ने कर्मचारीलाई अवकाश भुक्तानीको लागि नागरिक लगानी कोषलाई भुक्तानीको आदेश दिंदा कर्मचारीको योगदान रहे वा नरहेको बेहोरा खुलाई विवरण उपलब्ध गराउनु पर्ने देखिँदा रोजगारदाता निकायहरूले नागरिक लगानी कोषलाई भुक्तानी आदेश दिने भएकोले अवकाश भुक्तानीको कर कट्टीमा नागरिक लगानी कोषको सट्टा भुक्तानी आदेश दिने रोजगारदाता पुनरावेदक नै जिम्मेवार हुने देखिन्छ ।

१४. नागरिक लगानी कोषले अवकाश कोष संचालन गरी अवकाश प्राप्त कर्मचारीलाइ भुक्तानी गरेको उपदान, संचित विदा तथा औषधीउपचारको रकम रोजगारदाता कम्पनी वा संस्थाहरूले आफ्ना कर्मचारीहरूको अवकाशपछिको सेवा निवृत्त जीवनका लागि संस्थागत रूपमा जम्मा गरिएको रकम भएको देखियो। यसमा कर्मचारीको तर्फवाट योगदान भएको देखिदैन। कर्मचारीको योगदान रहेको जिकिर करदाताले लिन सकेको वा सोको कुनै प्रमाण पेश गरेको पनि मिसिलबाट देखिएन। आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) मा "बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ" भन्ने व्यबस्था रहेको पाइन्छ। तर नागरिक लगानी कोषले उपदान कोष योजना र लगानीकर्ता हिसाब योजनामा संचित रहेको रोजगारदाता कम्पनी वा संस्थामा कार्यरत अवकाशप्राप्त कर्मचारीलाई उपदान, तथा औषधीउपचारको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा पांच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीमा पांच प्रतिशतले कर कट्टी गरेको देखियो। पुनरावेदक करदाताले कर्मचारीलाई अवकाश भुक्तानी दिने क्रममा सिफारिस गर्दा वा भुक्तानी आदेश दिँदा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने गरी भुक्तानी आदेश दिनुपर्नेमा सो गरेको देखिएन।

१५. अवकाश कोषमा रहेको रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गरी कर तिर्ने जिम्मेवारी नागरिक लगानी कोष तथा सम्बन्धित कर्मचारीको नभई पुनरावेदक कम्पनीकै भएको देखिन आउछ। यस्तो अवस्थामा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भुक्तानीका बखत १५ प्रतिशतले हुने रू.२,१५,४६४।३६ अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो बमोजिम कट्टी गरेको नदेखिएकोले सो रकममा आयकर ऐन २०५८ को दफा ११९ बमोजिम लाग्ने व्याज (मिति २०७३ श्रावणदेखि २०७७ पौषसम्म ५४ महिनाको) रू.१,४५,८३८।४४ र सोही ऐनको दफा १२० (क) वमोजिमको ५० प्रतिशत शुल्क रू.१,०७,७३२।१८ समेत कुल जम्मा रू.

४६८,६३४।९८ योगदानकर्ता कम्पनी श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि., काठमाण्डौंको नाममा ठूला करदाता कार्यालयबाट भएको संसोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई अन्यथा मान्नु पर्ने देखिएन ।

१६. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड (स्थायी लेखा नं.३०७८५४२८०) को आ.व. २०७२/०७३ को आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय हरिहरभवनबाट मिति २०७७।०९।२९ मा भएको आदेश तथा उक्त आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०६।१२ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

वासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्रबहादुर नेपाली
फैसला मितिः- २०७९।१२।०६।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप